**सूर्योदय नगरपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा (तेस्रो संशोधन ) नियमावली २०७८**

कार्यपालिकाबाट स्वीकृत मिति-२०७८/१०/०९ गते

सूर्योदय नगरपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा नियमावली २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरकार्यपालिकाले देहाय बमोजिमको नियमावली बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो नियमावलीको नाम **सूर्योदय नगरपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा (तेस्रो संशोधन ) नियमावली २०७८** हुनेछ।

(२) यो नियमावली कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :**

(क) "मूल नियमावली" भन्नाले "सूर्योदय नगरपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा नियमावली २०७६" लाई जनाउनेछ।

**३. मूल नियमावलीको परिच्छेद ५ को नियम २६. को उपनियम (१) र उपनियम (२) को सट्टामा देहाय बमोजिमको उपनियम (१) र उपनियम (२) राखिएको छ :**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ:

(क) उपनियम (२) बमोजिम छनौट भएको एक जना व्यक्ति – अध्यक्ष

(ख) अभिभावकहरुले आफुहरुमध्येबाट छानी पठाएका कम्तिमा दुई जना महिला सहित चार जना – सदस्य

(ग) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको एक जना – सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षा प्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको कम्तिमा एक जना महिला सहित दुई जना – सदस्य

(ङ) स्थानीय बुद्धिजिवी, शिक्षा प्रेमी, शिक्षाविद् मध्येबाट नगरप्रमुखद्वारा मनोनित गरेको एक जना – सदस्य

(च) विद्यालयका शिक्षकहरुले आफुहरु मध्येबाट छानी पठाएका एक जना शिक्षक – सदस्य

(छ) विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्ष - सदस्य

(ज) विद्यालयका प्रधानाध्यापक – सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपनियम (१) को खण्ड (ख), (घ) र (ङ) बमोजिमका सदस्यहरुमध्ये एक जना सदस्यलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्षको रुपमा छनौट गर्नेछन्।